शब्द : भागवत आचार्य
संगीत : राजु सिंह
स्वर : धनुषा सिंह घले र सन्तोष लामा

# समृद्धिका लागि वचत

वचत हाम्रो सम्पत्ति उन्नतितर्फ लाग्नु छ
सानैदेखि वचत गरी भविष्य उज्ज्वल पार्नु छ

आजको सानो वचत हुन्छ भोलि ठूलो काम
उद्यम गर्न पाइन्छ, जीविका र चल्छ नाम
वचत गर्ने बानी लिऊँ पुँजी निर्माण गर्नलाई
स्वरोजगारी बन्नु छ, गरिबी यो फाल्नलाई

खर्चालु बानी दुःख छ, वचतले धन बढाउँछ
आजैदेखि वचत गरी भविष्य सुरक्षित पार्नु छ

बैंकमा वचत सुरक्षित बैंकले व्याज दिन्छ है
उद्योग-धन्दा चल्न गई देश समृद्ध बन्छ है
अभाव दूर गर्नु छ, सुखी सम्पन्न हुनलाई
उन्नति-उद्यम गरेर आत्मनिर्भर बन्नलाई

अर्थतन्त्र सबल हुन वचत आधार बन्दछ
सानैदेखि वचत गरी भविष्य सबल पार्नु छ